# वेबसाइट गोपनीयता कथन

## सुरक्षा

My Aged Care वेबसाइटले तपाईंको व्यक्तिगत जानकारी भण्डारण गर्दैन। वेबसाइटमा सङ्कलन गरिएको जानकारी अधिकारप्राप्त व्यक्तिहरूले मात्र पहुँच गर्न सक्ने My Aged Care प्रणालीमा भण्डार गरिएको हुन्छ।

वेबसाइटलाई साइट सुरक्षाको उन्नत स्तरीय परीक्षण गरिएको छ। यद्यपि, प्रयोगकर्ताहरूलाई सूचित गरिन्छ कि इन्टरनेटमार्फत जानकारी प्रसारित गर्दा वेबसाइटमा वा वेबसाइटबाट पठाइएको जानकारी तेस्रो पक्षहरूद्वारा अवरोधित, विकृत वा परिमार्जित हुनसक्ने लगायतका अन्तर्निहित जोखिमहरू हुन्छन्। यदि तपाईंसँग कुनै सुरक्षा चिन्ता छ, वा यदि तपाई अन्य माध्यमहरूद्वारा व्यक्तिगत जानकारी प्रदान गर्न चाहनुहुन्छ भने (उदाहरणका लागि टेलिफोन वा पत्रद्वारा), तपाईंले सम्पर्क केन्द्रलाई 1800 200 422 मा सम्पर्क गर्न सक्नुहुन्छ।

## Analytics [विश्लेषण]

हाम्रो वेबसाइटमा तपाईंको अनुभव सुधार गर्न, हामी 'कुकीज' प्रयोग गर्न सक्छौं। कुकीज उद्योगका मानक हुन, र अधिकांश प्रमुख वेबसाइटहरूले तिनीहरूको प्रयोग गर्छन्।

तपाईंले यो साइट भ्रमण गर्दा विभागले तपाईंको भ्रमणको अभिलेख बनाउँछ र तथ्याङ्कीय वा प्रणाली प्रशासन उद्देश्यका लागि निम्न जानकारी अभिलेख गर्दछ:

- प्रयोगकर्ताको सर्भर ठेगाना
- प्रयोगकर्ताको माथिल्लो स्तरको डोमेन नाम
- उक्त साइट पहुँचको मिति र समय
- पहुँच गरिएका पृष्ठहरू र डाउनलोड गरिएका कागजातहरू
- भ्रमण गरिएको अघिल्लो साइट
- प्रयोग गरिएको ब्राउजरको प्रकार।

यो जानकारी हाम्रो वेबसाइटमा बिग्रिएका लिंकहरू, अवरोधहरू, र अन्य साइट समस्याहरू देखाउन विश्लेषण गरिन्छ। हामी यो जानकारी हाम्रो साइटलाई सुचारु राख्न र प्रयोग गर्न सजिलो बनाउन उपयोग गर्दछौं।

वेबसाइट प्रयोग गर्दा प्रयोगकर्तासँग सम्पर्क कायम राख्न विभागले कुकीहरूको प्रयोग गर्दछ। कुकी भनेको विभागद्वारा प्रदान गरिने एउटा सानो फाइल हो, जुन तपाईंले हाम्रो वेबसाइट प्रयोग गर्दा तपाईंको कम्प्युटरमा रहेको वेब ब्राउजर सफ्टवेयरले भण्डारण गर्छ। तपाईंले हाम्रो वेबसाइट भ्रमण गर्दा कुकीहरूले हामीलाई तपाईं एक व्यक्तिगत वेब प्रयोगकर्ताको रूपमा पहिचान्न गर्न मद्दत गर्दछ।

यस वेबसाइटले दुई कुकी प्रकारहरू प्रयोग गर्न सक्छ:

### *सत्र कुकीहरू*

यी कुकीहरू निश्चित वेबसाइट/होस्टसँगको ब्राउजर सत्र चलिरहँदासम्म मात्र सक्रिय हुन्छन्। तपाईंले आफ्नो इन्टरनेट सत्र समाप्त गर्दा वा आफ्नो कम्प्युटर बन्द गर्दा सबै कुकीज तुरुन्तै हराउनेछन्। तपाईंले प्रणाली अन्तिम पटक प्रयोग गरेको २० मिनेटपछि तपाईंको जानकारीको हाम्रो प्रति स्वतः मेटिने छ। यो जानकारी इन्टरनेटमा तपाईंको गतिविधि पहिल्याउन वा तपाईंको निजी जानकारीको अभिलेख राख्न नभई तपाईंलाई हाम्रो वेबसाइट प्रणाली अझ प्रभावकारी रूपमा प्रयोग गर्न सहयोग गर्न मात्र प्रयोग गरिन्छ।

### *दीर्घकालीन कुकिहरू*

म्याद समाप्तिअघि यिनीहरू निश्चित समयावधिसम्म (सामान्यतया चालू सत्र समाप्तिपछि पनि) अस्तित्वमा रहन्छन्।

## कुकीसम्बन्धी गोपनीयता

कानुनी रूपमा त्यसो गर्न बाध्य नभएसम्म प्रयोगकर्ताहरू वा तिनीहरूको ब्राउजिङ गतिविधिहरू पहिचान गर्न कुनै प्रयास गरिने छैन, जस्तै कुनै अनुसन्धानको क्रममा, जहाँ कानून कार्यान्वयन निकायले इन्टरनेट सेवा प्रदायकको लग फाइलहरू निरीक्षण गर्न वारेन्ट (अख्तियार) प्रयोग गर्नसक्छ।

तपाईंले आफ्नो ब्राउजरमा उपयुक्त सेटिङहरू चयन गरेर कुकीहरूको प्रयोग अस्वीकार गर्न सक्नुहुन्छ। यद्यपि, कृपया ध्यान दिनुहोस् कि यसो गर्दा वेबसाइटका सबै सुविधाहरू प्रयोग गर्न नसकिने हुनसक्छ।

हाम्रो वेबसाइटले संयुक्त राज्य अमेरिकामा रहेका Google सर्भरहरूमा वेबसाइट ट्राफिकसम्बन्धी डेटा पठाउने सेवा Google Analytics प्रयोग गर्दछ।  गुगल एनालिटिक्सले व्यक्तिगत प्रयोगकर्ताहरू पहिचान गर्दैन र तपाईंको IP ठेगानालाई Google सँग रहेको अन्य जानकारीसँग जोड्दैन। हामी Google Analytics ले उपलब्ध गराएका प्रतिवेदनहरू वेबसाइटको ट्राफिक र वेबपृष्ठको प्रयोग बुझ्नका लागि उपयोग गर्छौं।

यस वेबसाइटको प्रयोग गरेर, तपाईंले Google को गोपनीयता नीतिमा वर्णन गरिएअनुसार र माथि उल्लिखित उद्देश्यहरूका लागि तपाईंसम्बन्धी डाटाको प्रशोधन गर्न Google लाई सहमति दिनुहुन्छ। यदि तपाईंले कुकी असक्षम बनाउनुभयो वा अस्वीकार गर्नुभयो भने, जाभास्क्रिप्ट असक्षम गर्नुभयो, वा Google द्वारा प्रदान गरिएको अप्ट-आउट सेवा प्रयोग गर्नुभयो भने तपाईं Google Analytics बाट बाहिरिन सक्नुहुन्छ।